


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १९८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ साउन १६ गते शनिबार ❑ 31 July 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## काङ्ग्रेस क्रियाशील सदस्यता विवाद मिलाउन जुटे शीर्ष नेता

**रासस**
**काठमाडौं, १५ साउन**

नेपाली काङ्ग्रेसले पार्टीको क्रियाशील सदस्यतामा थाती विवाद मिलाउन नेतृत्व तहलाई जिम्मेवारी सुम्पिएसँगै नेता विवाद समाधानमा जुट्नुभएको छ।

काङ्ग्रेस पदाधिकारी र पूर्वपदाधिकारीको बिहीबारको बैठकले क्रियाशील सदस्यता विवरणसहित प्रतिवेदनमा बाँकी रहेका विवाद पाँच दिनभित्र समाधान गर्ने गरी नेतृत्व तहलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरेको थियो।

काङ्ग्रेस क्रियाशील सदस्यता छानविन समितिले बिहीबार बैठकमा परिमार्जनसहितको प्रतिवेदन बुझाए पनि क्रियाशील सदस्यतामा केही विवाद थाती नै छन् । विवाद समाधानका लागि आज बिहानदेखि सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेल, पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलालगायत नेता छलफलमा जुट्नुभएको सभापति देउवाका स्वकीय सचिव भानु देउवाले जानकारी दिनुभयो।

नेतृत्व तहले बाँकी विवाद समाधान गरी पार्टीको केन्द्रीय निर्वाचन समितिलाई प्रतिवेदन उपलब्ध गराउने र प्रभावित भएका अधिवेशनको नयाँ कार्यतालिका सार्वजनिक गरिने पार्टी कार्यालयले जनाएको छ । काङ्ग्रेसमा १४औँ महाधिवेशनका लागि पार्टीको क्रियाशील सदस्यता सङ्ख्या आठ लाख ५२ हजार ७११ पुगेको छ । बारा र सप्तरी जिल्ला कार्यसमितिको क्रियाशील सदस्यता विवरण ढिला विवरण प्राप्त भएकाले पुरै बाँकी रहेको र पार्टीको समायोजन तथा अन्य पार्टीबाट प्रवेश गरेकालाई दिनुपर्ने सदस्यताका कारण सिन्धुपाल्चोक, रसुवा, काभ्रेपलाञ्चोक, धनुषा, सर्लाही, कैलालीलगायत जिल्लाका केही क्षेत्रको क्रियाशील सदस्यता विवाद टुङ्गिन बाँकी छ। काङ्ग्रेसले १४औँ महाधिवेशन आगामी भदौ १६ देखि १९ गतेसम्म काठमाडौँमा गर्ने कार्यतालिका तय गरेको छ। यद्यपी क्रियाशील सदस्यताको काम बाँकी रहेका कारण यही साउन १२ गतेको गाउँ/नगर वडाअधिवेशन प्रभावित भइसकेको छ । काङ्ग्रेसले यसअघि गाउँ/नगरवडा अधिवेशन यही साउन १२ गते, गाउँ/नगरपालिका अधिवेशन साउन १६ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन साउन २० गते तोकेको थियो।

यसैगरी प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन साउन २३ गते, एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन साउन २६ गते र प्रदेश अधिवेशन भदौ १ र २ गते निर्धारण गरिएको छ।

## अनावश्यक दु:ख नदिन र खोप दिन अधिकृत विक्रेता संघको माग

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ साउन**



अधिकृत विक्रेता संघ कास्कीले दैनिक उपभोग्य बस्तुको आपूर्ति गर्ने व्यवसायीहरुलाई कोभिडविरुद्धको खोप उपलब्ध गराउन तथा ढुवानीका साधनहरुलाई अनावश्यक धरपकड नगर्न सरोकारवालाको ध्यानाकर्षण गराएको छ।

संघले प्रदेशका पूर्वाधार,सहरी विकास तथा यातायातमन्त्री कुमार खड्का तथा कानून, संचार तथा प्रदेश मामिलामन्त्री विन्दुकुमार थापालाई छुट्टाछुट्टै ज्ञापनपत्र बुझाउँदै सो माग गरेको हो । अध्यक्ष मनोजकुमार श्रेष्ठको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले मन्त्री खड्कालाई बुझाइएको ज्ञापनपत्रमा ढुवानीमा प्रयोग हुने गाडीहरुमा थपिएको छानोको कारण देखाउँदै ट्राफिक प्रहरीले गाडी रोक्ने तथा जरिवाना लगाउने काम तत्काल रोक्न माग गरिएको छ । पोखराको मौषमका कारण गाडीमा छानो नराख्दा सामानहरु बिग्रने भएकोल छाना राख्नु बाध्यता भएको ज्ञापनपत्रमा जिकिर गरिएको छ।

मन्त्री थापालाई बुझाइएको ज्ञापनपत्रमा चाहिँ किराना पसलहरुमा अत्यावश्यक सामान ढुवानी गर्ने अधिकृत व्यवसायी तथा कर्मचारीहरु कोभिड १९ को उच्च जोखिममा रहेकाले खोपको माग गरिएको हो । प्रतिनिधिमण्डलमा अधिकृत विक्रेता संघका केन्द्रीय महासचिव हरिराज पन्त, कास्कीका निवर्तमान अध्यक्ष सुरेश अधिकारी, उपाध्यक्ष होमकुमार राई,उपमहासचिव रविकुमार सापकोटा, कोषाध्यक्ष तेजेन्द्र पौडेल,सचिवालय सदस्य दिलिपकुमार श्रेष्ठ,कार्यसमिति सदस्य ज्ञानेन्द्र गौतमलगायतको सहभागिता रहेको थियो । सो अवसरमा प्रतिनिधिमण्डलले नवनियुक्त मन्त्रीहरुलाई बधाई तथा कार्यकालको सफलताको कामना पनि व्यक्त गरेको थियो।

## विशाल महादेव मुर्ति अवलोकन तथा प्रवेशमा रोक

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ साउन**



पोखरा २२ (पुम्दी भुम्दी) को पुम्दीकोटमा रहेको बिशाल महादेवको मुर्ति अवलोकन तथा प्रबेशमा रोक लगाइएको छ।

पछिल्लो समयमा कोभिड–१९ (कोरोना) संक्रमण दर बढेसंगै अर्को सूचना जारी नभएसम्मको लागि शनिबारदेखि बिशाल महादेव मुर्ति स्थलमा प्रवेश एवं दर्शन गर्न पूर्ण रुपमा प्रतिवन्ध गरिएको पोखरा महानगरपालिका वडा नम्बर २२ का वडा अध्यक्ष मित्रलाल बरालले बताए।

उनले भने "पछिल्लो समयमा पोखरा सहित हाम्रो वडामा समेत कोरोना शंक्रमण दर बढेको छ, कोरोना रोकथाम र नियन्त्रणको लागि पनि हामीले बाध्य भयर बिशाल महादेवको मुर्ति दर्शन गर्न प्रतिवन्ध गर्नु परेको हो।" जिल्ला प्रशासन कार्यालय कास्कीले समेत अहिलेको अबस्थामा धार्मिक एवं पर्यटकीय स्थलहरु प्रतिवन्ध गरेकोले पछिल्लो समयमा सामाजिक संजालमा धेरै चर्चामा रहेकोले दैनिक धेरै पर्यटकहरु पुम्दीकोट आउन थालेकोले कोरोना नियन्त्रणको लागि पनि बन्द गरिएको अध्यक्ष बरालले जनाए।

यसैबिच, पुम्दीकोट कोट विकास समितिले शनिबारदेखि बिशाल महादेवको मुर्ति प्रबेशको मुल गेटर्म ताल्चा लगाउने भएको समितिका अध्यक्ष चन्द्रकान्त बरालले बताए । उनले भने "हामीले बिशाल महादेवको मुर्ति निर्माण गर्दैछौं औपचारिक रुपमा हामीले बिशाल महादेवको मुर्ति दर्शनको लागि असोजबाट मात्र खुल्ला गर्ने तयारीमा लागेका छौं।" वडा कार्यालयबाट बिशाल महादेवको मुर्ति दर्शन गर्न र प्रबेसमा रोक लगाएकोले त्यसमा आफुहरुले शनिबार देखि ताल्चा नै लगाउने भएको अध्यक्ष बरालले जनाए । हिजोआज दैनिक जसो ५ सय भन्दा बढी पर्यटकहरु महादेवको मुर्ति दर्शन गर्न आउन थालेको उनले जनाए। ४५ करोडको परियोजनाको हाल करिब २० करोड लगानी भएको बरालले जनाए।

## तीन हजार ६११ मा सङ्क्रमण पुष्टि: २७ को मृत्यु

**रासस**
**काठमाडौं, १५ साउन**

पछिल्लो २४ घण्टामा नेपालमा तीन हजार ६११ जनामा कोरोना भाइरस सङ्क्रमण देखिएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयकानुसार नौ हजार ७८३ पीसीआर परीक्षणमा दुई हजार ४६७ र चार हजार ८७८ एन्टिजेन परीक्षणमा एक हजार १४५ जना गरी कूल तीन हजार ६११ जनामा सङ्क्रमण पुष्टि भएको हो । योसँगै नेपालमा पीसीआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या ६ लाख ९३ हजार १०९ पुगेको छ। त्यस्तै एन्टिजेन परीक्षण गर्नेको सङ्ख्या ६० हजार ५२४ रहेको छ। पछिल्लो २४ घण्टामा थप १ हजार ८१६ जना सङ्क्रमणमुक्त

बाँकी अन्तिम पृष्ठमा ▶▶

## अग्रज पत्रकार आचार्यको निधन

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ साउन**

नेपाल पत्रकार महासंघ कास्की शाखाका संस्थापक सदस्य, अग्रज पत्रकार, तत्कालिन क्षेत्रीय अदालत बार एसोसिएसनका अध्यक्ष एवं वरिष्ट अधिवक्ता तीलक आचार्यको ८२ वर्षको उमेरमा भएको असामयिक निधनको दुखद् खबरले नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश समिति स्तब्ध र मर्माहत भएको छ।

विक्रम सम्बत १९९५ सालको चैतमा पर्वतको विहादीमा जन्मिनुभएका आग्रज पत्रकार आचार्य केही समय अगाडि देखि सुगर, उच्च रक्तचार र जण्डिस रोगबाट ग्रसित हुनुहुन्थ्यो । उहाँको बिहीबार राती ९ः ३५ बजेको समयमा छोरेपाटन स्थित आफ्नै निवासमा निधन भएको हो। स्वर्गीय अचार्यका दुई छोरा, दुई छोरी र नातिनातिना हुनुहुन्छ। अग्रज पत्रकार अचार्य पाँच दशक भन्दा लामो समय लेखनका माध्यमबाट सक्रिय पत्रकारितामा रहनुभयो । उहाँसहित पोखराका अन्य बुद्धिजिवी समेत मिलेर नौलो डाँको साप्ताहिक सञ्चालन भएको थियो । बाम बुद्धिजिवी स्वर्गीय अचार्य देशमा परिवर्तनका लागि भएका सबै आँन्दोलनमा सहभागी रहनुभयो। निडर र सधैं अग्रगमनको पक्षमा लाग्नुहुने अग्रज पत्रकार स्वर्गीय आचार्यको निधनले नेपाली पत्रकारिता क्षेत्रले एक अग्रज अभिभावक गुमाएको छ । महासंघ गण्डकी प्रदेश समिति यस दूखद् घडीमा स्वर्गीय आचार्य प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उहाँको आत्माको चिरशान्तिको कामना गर्दछ । साथै, शोकको यस घडीमा महासंघ गण्डकी प्रदेश समिति शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामनासहित गहिरो समवेदना व्यक्त गर्दछ।

यसै गरी पत्रकार महासंघ कास्की शाखाका अध्यक्ष विमला भण्डारीले एक शोक विज्ञप्ति प्रकाशित गर्दै यस दुःखद् घडीमा स्व आचार्य प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उहाँको आत्माको चिरशान्तिको कामना एवं शोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्नुभएको छ।

## निर्वाचन आयोगको निर्णयविरुद्ध अध्यक्ष ठाकुर सर्वोच्चमा

**रासस**
**काठमाडौं, १५ साउन**

जनता समाजवादी पार्टी (जसपा) को आधिकारिकता अध्यक्ष उपेन्द्र यादव पक्षलाई दिने निर्वाचन आयोगको निर्णयविरुद्ध अर्का अध्यक्ष महन्थ ठाकुरले सर्वोच्च अदातलमा रिट दायर गर्नुभएको छ।

अध्यक्ष ठाकुरले आज सर्वोच्च अदालतमा दायर गर्नुभएको रिटमा यादव पक्षलाई जसपाको आधिकारिता दिने र आफ्नो पक्षलाई नयाँ दल दर्ता

बाँकी अन्तिम पृष्ठमा ▶▶

## क्षत्री समाजद्वारा मन्त्रीलाई सम्मान

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ साउन**



क्षत्री समाज नेपालले समाजका पूर्व महासचिव, सल्लाहकार कुमार खड्का र सल्लाहकार विन्दुकुमार थापालाई स्वागत तथा सम्मान गरेको छ।

समाजले गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार सहरी विकास तथा यातायात मन्त्रीमा कुमार खड्का, कानुन सञ्चार तथा प्रदेशसभा मन्त्रीमा विन्दुकुमार थापालाई सफल कार्यकालको शुभकामना सहित सम्मान गरिएको छ । सम्मान ग्रहण गर्दै मन्त्री खड्काले समाजको नेतृत्व लिदै राजनीतिमा लाग्दा आफूले सदैव समाजलाई उच्च स्थानमा राखेको बताउनुभयो।

जातीय सद्भाव कायम गराउन समाजले खेलेको भूमिका महत्वपूर्ण रहेको र प्रदेश सरकार सदैव सबै जाती समेटी सम्वृद्ध प्रदेश बनाउन लागी परेको बताउनुभयो। कोरोना भ्याक्सीन प्रदेशमा ल्याउन आफूले अन्तराष्ट्रिय रुपमा पहल गर्दै आईरहेको समेत बताउनुभयो। कार्यक्रममा प्रदेशमन्त्री विन्दुकुमार थापाले जनताको मतको कदर स्वरुप आफूमन्त्री भएकाले सो लाई कार्यान्वयन गर्न र प्रदेशको कानुन निर्माणमा सदैव लाग्ने समेत बताउनुभयो।

समाजले प्रदेश सरकारको सहयोगमा निर्माण गरिन लागेको खस आर्य सङ्ग्राहलय बहुउद्देश्यीय भवनको आय-व्यय राख्दै कार्य सम्पन्न का लागी सबैतहबाट सहयोग गरीदिन समितिका संयोजक प्रेमबहादुर जि.सि.ले अनुरोध गर्नुभएको छ।

क्षत्री समाज नेपालका केन्द्रिय अध्यक्ष प्र.डा. दिलबहादुर क्षत्रीको सभापतित्वमा भएको कार्यक्रममा पूर्व केन्द्रिय अध्यक्ष प्रा.डा.चन्द्रबहादुर थापा, केन्द्रिय उपाध्यक्ष कृष्णबहादुर थापा, सचिव हिमाल खड्का गण्डकी प्रदेश अध्यक्ष वेनी बहादुर बस्नेत, कास्की जिल्ला अध्यक्ष पदमबहादुर कार्की लगायतले शुभकामना सहित आ-आफ्नो धारणा राख्नुभएको थियो। कार्यक्रममा सम्मानित मन्त्रीद्वयलाई केन्द्रिय समिति, प्रदेश, जिल्ला र भ्रातृ समाजका पदाधिकारीद्वारा सम्मान गरिएको थियो।



# वालिङका सामुदायीक विद्यालयलाई सिमकार्ड

श्रीकृष्ण सिग्देल
स्याङ्जा, १५ साउन (रासस)

कोरोना संक्रमणका कारण भौतिक सहभागितामा पठनपाठनमा स्थानीय प्रशासनले रोक लगाएपछि वालिङ नगरपालिकाले वैकल्पिक शिक्षण सिकाई क्रियाकलापलाई अगाडी सारेको छ । विद्यार्थीको पढाईमा कुनै दखल नआओस भन्दै नगरपालिकाले बैकल्पिक शिक्षण क्रियाकलाप अगाडी सारेको हो । भौतिक सहभागिता बाहेक अर्को विकल्प अनलाईन कक्षा संचालन गर्ने विकल्प रोज्दै नगरभित्रका सरकारी विद्यालयका शिक्षक, विद्यार्थीलाई इन्टरनेट प्याकेज सहित सिमकार्ड निशुल्क वितरण गरेको छ । स्मार्ट नगरको नारा बोकेको वालिङले इन्टरनेटको पहुँच नपुगेको वडाको पहिचान गरी अनलाईन माध्यमबाट पढाई संचालन गर्न निशुल्क सिमकार्ड उपलब्ध गराएको नगरपालिकाका शिक्षा शाखा प्रमुख बावुराम सापकोटाले बताए ।

स्याङ्जाको वालिङ नगरपालिकाभित्रका सामुदायिक विद्यालयका शिक्षक विद्यार्थी गरी ७ हजार ५ सय जना रहेका छन् । संक्रमण रोगकाले गर्दा विद्यालयमा भौतिक उपस्थितिमा पठन पाठन हुने स्थिति रहेन शाखा प्रमुख सापकोटाले भने, "सबै विद्यार्थीको पहुँचमा ईन्टरनेटको सेवा उपलब्ध नहुँदा वैकल्पिक शिक्षक सिकाई क्रियाकलाप प्रभावकारी बनाउन टेलिकम र एनसेलको सहयोगमा ईन्टरनेट प्याकेजसहितको सिमकार्ड निशुल्क उपलब्ध गराएका हौं ।" नगरभित्रका १४ वटा वडाका ७२ सामुदायिक विद्यालयहरुका ४ सय ५० जना शिक्षकसहित ७ हजार ५ सय जना विद्यार्थीलाई उनीहरुको ठाउँमा जुन/जुन कम्पनीको सेवा राम्रो छ सोही अनुसारका सिम उपलब्ध गराईएका छौ शाखा प्रमुख सापकोटाले भने । सामुदायिकतर्फ ५६ वटा आधारभूत विद्यालय र १६ वटा माध्यमिक विद्यालय रहेका छन् । उनीहरुलाई पाँच हजार नेपाल टेलिकमका सिमकार्ड र २ हजार ५ सय एनसेलका सिमकार्ड निशुल्क वितरण गरिएको हो ।

वैकल्पिक शिक्षण क्रियाकलापका लागि जिल्लामै वालिङ नगरपालिकाले सञ्चालन गरेको यो अभियान पहिलो र नयाँ कार्यक्रम भएको शाखा प्रमुख सापकोटाले बताए । सबै विद्यार्थी तथा शिक्षकको हात हातमा ईन्टरनेटको प्याकेजसहितको सिमकार्ड भएपछि शिक्षण सिकाई क्रियाकलाप थप प्रभावकारी हुने विश्वास नगरपालिकाले लिएको छ । नगरपालिकाले नगरभित्रका सबै सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा कम्प्युटर शिक्षकहरुलाई आईसिटीमा आधारित आधारभूत शिक्षण विधिलाई सहयोग पुग्नेगरी अनलाईनसम्बन्धी ज्ञान दिईसकिएको सूचना प्रविधि शाखाका प्रमुख ईञ्जिनियर प्रकाश अर्याललले बताए । १६ वटा माध्यमिक विद्यालयहरुमा कम्प्युटर, प्रिन्टरहरु वितरण गरिसकिएको छ भने ईन्टरनेट सेवा प्रदायकसँग सम्झौता गरी ईन्टरनेटको सेवा विस्तार गरिएको अर्याललले बताए । कोभिड १९ को महामारीका कारण प्रभावित बनेको शिक्षण सिकाई क्रियाकलापलाई ब्यवस्थित, प्रभावकारी र उपयोगी बनाउनका लागि यस अभियानले महत्वपूर्ण भूमिका खेल्ने प्रमुख प्रशासकीय अधिकृत राजन भट्टराई बताउछन् । ईन्टरनेटको पहुँच नपुगेकै कारण वैकल्पिक सिकाई प्रभावकारी हुन नसकिरहेको भन्ने गुनासो आईरहँदा यसको समाधानका लागि ईन्टरनेट प्याकेजसहितको सिमकार्ड वितरण गरिएको प्रप्रअ भट्टराईले बताए । सिमकार्डको प्रयोग भए नभएको साथै पठन पाठन भए नभएको निरन्तररुपमा अनुगमन तथा मूल्यांकन गरिने ब्यवस्था मिलाईएको छ उनले भने, "राज्यले शिक्षामा गरेको लगानी अनुसारको प्रतिफल आउने गरी र वालिङलाई स्मार्ट सिटीको अवधारणा अनुरुप अगाडि बढाउन लाग्नुपर्ने बेला आएको छ ।" स्मार्ट सिटी घोषणा भई कार्यान्वयनका क्रममा रहेकाले शिक्षाका क्षेत्रमा निर्धारण गरिएका लक्ष्य भेटाउनका लागि आईसिटीको विशेष टिम बनाएर अगाडि बढ्नुपर्ने आवश्यकता रहेको उनको भनाई छ । कोभिडको महामारीका समयमा विद्यार्थीमाझ पुग्न कठिन भईरहेका बेला यो विधि महत्वपूर्ण र उपयोगी हुने जिल्ला समन्वय समिति स्याङ्जाका उपप्रमुख दिलीपकुमार बगालेले बताए । वैकल्पिक सिकाईका लागि गरिएको लगानीको सही सदुपयोग गरी सार्थकता हासिल गर्नतर्फ लाग्नुपर्नेमा उनको जोड थियो । कोभिड १९ का कारण भौतिकरुपमा विद्यालयमा उपस्थित हुन सक्ने अवस्था नभएकाले वैकल्पिक सिकाई क्रियाकलापका लागि नेपाल टेलिकम र एनसेलको सहयोगमा निशुल्क सिमकार्डको ब्यवस्था गरिएको नगर प्रमुख दिलीपप्रताप खाँणले बताए । वैकल्पिक कक्षा सञ्चालनका क्रममा आउन सक्ने संभावित अप्ठयाराहरुलाई सम्बोधन गर्दै विभिन्न विकल्पहरुको खोजी गर्ने क्रममा यो विधि अपनाईएको उनको भनाई थियो । शिक्षासँगै बालबालिकाका क्षेत्रमा विनियोजन गरिएको रकम खर्च नभई लगानी भएको र यसले भोलिका दिनमा उपलब्धी देखिँदै जाने उनको भनाई थियो ।

नगरभित्रका माध्यमिक विद्यालयहरुमा ईन्टरनेटको पहुँच पुगेको छ उनले भने, "अब आधारभूत तहका विद्यालयमा पनि ईन्टरनेटको पहुँच विस्तारका लागि सम्झौता भई काम भईरहेको छ ।" नगरभित्रका १४ वटै वडाका ३ सय १० वटा गाउँहरुमा ईन्टरनेटको पहुँच विस्तार गर्नका लागि सेवा प्रदायकहरुसँग सम्झौता भई काम अगाडि बढीसकेको नगर प्रमुख खाँणले बताए । गाउँ गाउँमा ईन्टरनेटको सहज पहुँच नपुग्दासम्मका लागि शिक्षक तथा विद्यार्थीलाई निशुल्क सिमकार्डको ब्यवस्था मिलाईएको नगर प्रमुख खाँणको भनाई थियो । नगरभित्रका सबै विद्यालयका शिक्षकहरुलाई शिक्षण सिकाई क्रियाकलापमा आधुनिक प्रविधिहरुको प्रयोग गर्ने तरिका तथा विधिहरुकाबारेमा यसअघि ज्ञान दिईसकिएको नगर प्रमुख खाँणले बताए । नगरभित्रका सबै विद्यालयबाट प्रतिनिधिकोरुपमा दुई जनालाई तालीम दिईएको र उहाँहरुले आ-आफ्नो विद्यालयमा अन्य शिक्षकहरुलाई सिकाउनुहुने छ प्रमुख खाँणले भने, "शिक्षकहरुको क्षमता विकास तथा आवश्यक सामग्रीहरु (ल्यापटप, कम्प्युटर, प्रिन्टर, स्क्यानर, ईन्टरनेट) को ब्यवस्था मिलाउने र त्यसको प्रयोगमा जोड दिँदै नगरलाई आईसिटीकोरुपमा विकास गर्दै लगिने छ ।" माध्यमिक तहका १६ विद्यालयलाई कम्प्युटर, ल्यापटप, स्क्यानर, प्रिन्टर उपलब्ध गराईसकेको छ भने आधारभूत तहका ५६ विद्यालयमध्ये पहिलो चरणमा २४ वटा विद्यालयलाई कम्प्युटर र प्रिन्टर उपलब्ध गराएको छ । नगरपालिकाले आर्थिक वर्ष २०७७/०७८ को शिक्षा क्षेत्रको स्वीकृत कार्यक्रम तथा बजेट अन्तर्गत विद्यालयमा कम्प्युटर तथा अनलाईन सफ्टवेयर ब्यवस्थापनका लागि रु. बीस लाख विनियोजन गरेको थियो । बाँकी रहेका ३२ वटा विद्यालयलाई यही साउन महिनाभित्रै टेण्डर गरी उपलब्ध गराउने तयारी भएको नगरपालिकाले जनाएको छ । नगरपालिकाले बालविकास कक्षादेखि १० सम्मका ७ हजार ५ सय विद्यार्थीलाई उपयोगी हुने सिकाई सहजीकरण स्वअध्ययन सामग्री पनि उपलब्ध गराईसकेको शिक्षा शाखा प्रमुख सापकोटाले बताए ।



गाउँपालिकाको निर्माणाधिन प्रशासकीय भवनः कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिकाको निर्माणाधिन प्रशासकीय भवन । गण्डकी प्रदेश सरकार जिल्ला समन्वय समिति कास्की र गाउँपालिकाका कूल छ करोड ६२ लाख ११ हजारको लागतमा सो भवन निर्माण गर्न लागिएको हो । तस्वीर : हरि बास्तोला/रासस

# जसपाका तीन प्रदेशसभा सदस्य पदमुक्त

रासस
काठमाडौं, १५ साउन

लुम्बिनी प्रदेशसभाका तीन जना सदस्य पदमुक्त भएका छन् । जनता समाजवादी पार्टीका तर्फबाट प्रदेशसभा सदस्य बनेका सन्तोषकुमार पाण्डेय, विजयबहादुर यादव र कल्पना पाण्डेय पदमुक्त भएको प्रदेशसभा सचिवलायका सचिव दुर्लभकुमार पुन मगरले शुक्रबार सूचनामार्फत जानकारी गराउनुभएको छ । तीनै जना प्रदेशका मन्त्री हुनुहुन्छ ।

सन्तोषकुमार पाण्डेय भौतिक पूर्वाधार विकास, विजयबहादुर यादव भूमि व्यवस्था कृषि तथा सहकारी र कल्पना पाण्डेय उद्योग, वन तथा वातावरण मन्त्री रहनुभएको छ । निर्वाचन आयोगले उपेन्द्र यादव पक्षलाई पार्टीको आधिकारकता दिएपछि शङ्कर पोखरेलको नेतृत्वको सरकारमा सहभागी भएको भन्दै जसपाको केन्द्रीय समितिले यी तीन सांसदलाई स्पष्टिकरण सोधी कारवाही गरेको थियो । त्यसका आधारमा जसपा संसदीय दलले बिहीबार प्रदेशसभामा उनीहरुलाई निष्कासन गरेको पत्र दर्ता गरेको थियो ।

## तीन हजार...

भएका छन् । योसँगै हालसम्म नेपालमा सङ्क्रमणमुक्त हुनेको सङ्ख्या ६ लाख ५२ हजार २६१ पुगेको छ । नेपालमा सङ्क्रमणमुक्त हुने दर ९४ दशमलव १ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

हाल नेपालमा २७ हजार ८२० जना होम आइसोलेसन, तीन हजार १९४ जना संस्थागत आइसोलेसनमा रहेका छन् । त्यसैगरी ६८६ जना आइसीयू र १६१ जना भेन्टिलेटरमा उपचाररत छन् । देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या २९ हजार ४४४ जना छन् ।

नेपालमा कोरोना सङ्क्रमणबाट थप २७ जनाको मृत्यु भएको छ । योसँगै नेपालमा कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या नौ हजार ८३४ पुगेको छ । नेपालमा कोरोना सङ्क्रमणबाट मृत्यु हुने दर १.५ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

## निर्वाचन...

गर्न दिने आयोगको निर्णय बदर गर्न माग गरेको छ । उहाँले रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म आयोगको निर्णय कार्यान्वयन नगर्नु/नगराउनु भनी अन्तरिम आदेश जारीको मागसमेत गर्नुभएको छ । आयोगले यही साउन ११ गते जसपा कार्यकारिणी समितिको हेडकाउन्ट गर्दै बहुमत (३४ सदस्य) भएको यादव पक्षलाई आधिकारिकता दिएको थियो । १६ जना कार्यकारिणी सदस्य भएको ठाकुर पक्षलाई भने प्रचलित कानून अनुसार नयाँ दल दर्ता गर्न सक्ने भनिएको छ ।

आयोगको निर्णयले आफूहरु अन्यायमा परेको भन्दै अध्यक्ष ठाकुरले दायर गर्नुभएको रिटमा २०७८ असार १ गते आफूले हेरेफेर गरेको कार्यकारिणी समितिलाई मान्यता दिनुपर्ने र त्यसका आधारमा पार्टीको आधिकारिकता निरुपण गर्नुपर्ने माग समेत गरेका छन् । निर्वाचन आयोगको निर्णय कार्यान्वयन हुँदा पार्टी विभाजन भइ पार्टीको केन्द्रीय नेतृत्वको प्रयोजन नै समाप्त हुन जाने अध्यक्ष ठाकुरको रिट निवेदनमा उल्लेख छ ।





स्वास्थ्य नै ठूलो धन हो ।
कोभिड-१९ को संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔं, अत्यावश्यकीय सेवा प्रवाह गर्दा निम्न कुरामा ध्यान दिऔं ।

- अनिवार्य रुपमा मास्क लगाऔं, सेवाग्राहीलाई अनिवार्य रुपमा मास्क लगाउन सु-सूचीत गरौं ।
- सेवा प्रवाह भौतिक दुरी कायम गरौं ।
- साबुन पानीले मिचीमिची हात धुने गरौं वा सेनिटाइजरको प्रयोग गरौं ।
- कुनै पनि स्वास्थ्य समस्या भएमा नजिकैको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# विपद्मा मानवीय सेवा पुऱ्याउने परोपकारी संस्था आफैँ विपद्मा

– विष्णु नेपाल
काठमाडौँ, १५ साउन (रासस)

मानवीय सेवामा अहोरात्र तल्लीन हुनुपर्ने परोपकारी संस्था नेपाल रेडक्रस सोसाइटी यतिखेर आफैँ विपद्मा परेको छ । अहिलेसम्म नीति, कार्यक्रमसहित बजेट पारित, संस्था नवीकरण तथा नयाँ अधिवेशनको टुङ्गो लाग्न नसक्दा संस्था कठिन मोडमा पुगेको हो।

पछिल्लोपटक गठित तदर्थ समितिले यही साउन ४ र ५ गते विशेष अधिवेशनको मिति तय गरेको थियो । हरेक जिल्ला शाखाबाट तीन, प्रदेशबाट दुई मनोनित सभासद्सहित केन्द्रीय तदर्थ समिति सहभागी हुने अधिवेशनलाई जिल्ला प्रशासन कार्यालय काठमाडौँले निषेधाज्ञा र कोभिड-१९ को जोखिम जनाउँदै स्थगन गरिदिएको थियो । गत असोजमा जिप्रकाले संस्था नवीकरण नभएको बहानामा अधिवेशन रोकिदिएको थियो।

संस्थालाई जीवन्त र चलायमान बनाउने वार्षिक साधारणसभासहित अधिवेशन नै तीन-तीनपटक रोकिएको छ । विसं २०२० भदौमा सोसाइटीको जन्म भएको थियो । पछिल्लो अधिवेशनले नीति तथा कार्यक्रम, बजेट, संस्था नवीकरण प्रक्रिया तथा विधान संशोधन गर्ने कार्यसूची तय गरेको थियो। नेपालको संविधानको प्रावधानअनुसार विधानको संशोधनमा मुख्यतः ३३ प्रतिशत महिला सहभागिता र सङ्घीय संरचनाअनुसार केन्द्र, प्रदेश, जिल्ला, पालिका र वार्ड राखिएको थियो। विसं २०७७ साउन १२ गते सोसाइटीको पुरानो समिति भङ्ग गर्दै नयाँ तदर्थ समिति गठन गरिएको थियो। यसको समयावधि आगामी कात्तिक ५ मा सकिँदैछ।

रेडक्रस अभियान विशुद्ध मानवीय सेवासित सम्बन्धित हुन्छ। सञ्चालनसम्बन्धी यसका आफ्नै सिद्धान्त छन् । रेडक्रस सिद्धान्त, विधि र पद्धतिअनुसार सोसाइटीलाई सञ्चालन गर्न आफूले भगीरथ प्रयास गरिरहेको सोसाइटीका महामन्त्री पीताम्बर अर्यालले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "नेपाल रेडक्रस कठिन मोडमा पुगेको छ। न अधिवेशन गर्न पाइएको छ न संस्था नवीकरणको प्रक्रिया अगाडि बढाउन। संस्था नवीकरण गर्न पनि अधिवेशन गर्नुपर्छ नि ? सरकारले अनुमति दिएमा स्वास्थ्य मापदण्ड पूरा गरेर अधिवेशन गर्न तयार छौँ। बहानाबाजीका बीचमा अधिवेशन रोकिँदै आयो। यो राम्रो पक्ष होइन। हामी जिप्रकाको अनुमति पर्खाइमा छौँ।"

जिल्ला शाखाहरू आफ्ना अधिवेशन गर्न आतुर छन् । संस्था नवीकरण नभएका कारण कतिपय शाखा आफ्ना खाता सञ्चालन तथा नयाँ कार्यक्रमका लागि सम्झौता गर्नसमेत अप्ठ्यारोमा परेका छन् । महामन्त्री अर्यालले भन्नुभयो, "संस्थालाई गतिवान र जीवन्त बनाउने तथा थिति र विधि बसाल्ने भनेको अधिवेशन तथा साधारणसभा नै हो । अब संस्थाको नीति तथा बजेट पारित गर्ने यस्ता सभा आयोजना गर्न कहीँकतैबाट अवरोध तथा ढिलाइ गरिनुहुन्न । यसमा सहयोग र सहकार्य गर्न म सम्बन्धित सबैलाई आह्वान गर्छु।"

अर्कोतर्फ यही साउन मसान्तमा सातवटै प्रदेशसहित १४ जिल्ला कार्यसमितिको पदावधि सकिँदैछ। सोसाइटीको विद्यमान ऐनमा यस्ता कार्यसमितिको पदावधि एक वर्ष थप गर्न सक्ने प्रावधान छ । क्यानडाली रेडक्रसको कन्ट्री म्यानेजरको पदबाट राजीनामा दिई सोसाइटीको महामन्त्री पद सम्हालिरहनुभएका उहाँले भन्नुभयो, "पदावधि सकिन लागेका जिल्ला कार्यसमितिको म्याद थप गरी केन्द्रीय अधिवेशनमा जानुपर्छ। तदर्थ समिति परिस्थितिको उपज भएकाले अब यो लामो समय जान सक्दैन।

यसले छिटोभन्दा छिटो अधिवेशन गरी निर्वाचित पदाधिकारीलाई कार्यभार हस्तान्तरण गर्नुपर्छ । यो गठन गर्दाको कार्यादेश पनि हो। मानवीय संस्थाभित्र राजनीति घुसाउनु हुन्न। रेडक्रस सिद्धान्तअनुसार चल्ने संस्था हो, राजनीतिबाट होइन। संस्थाको वैधानिक दायित्वलाई पूरा गर्दै पारदर्शी, जवाफदेही र सुशासनयुक्त बनाउनु आजको आवश्यकता हो।"

रेडक्रसमा महामन्त्रीको पद प्रशासनिक मानिन्छ। बैठक भत्ता र अन्य सुविधा लिन पाउने विधानमा व्यवस्था छ । महामन्त्री अर्यालले भन्नुभयो, "मेरो उद्देश्य सेवा र सुविधा उपयोगमा भन्दा मानवीय सेवाका गतिविधिलाई चुस्तदुरुस्त बनाउने हो । संस्थालाई जीवन्त नवीकरण गर्दै अधिवेशनमार्फत नयाँ पदाधिकारीलाई जिम्मेवारी हस्तान्तरण गर्नु नै मेरो अर्जुनदृष्टि हो । यसैमा मैले आफ्नो ध्यान केन्द्रित गरेको छु । महामारी नियन्त्रण र विपद्का अन्य काम पनि उत्तिकै प्राथमिकतामा छन्।"

**'रेडजोन'मा छैन**

रेडक्रसको अन्तर्राष्ट्रिय महासङ्घ(आइएफआरसी) ले सोसाइटीलाई 'रेडजोन'मा नपारेको जनाएको छ । महामन्त्री अर्यालले रेडक्रस सिद्धान्त, विधि र पद्धतिअनुसार सञ्चालन भइरहेको वर्तमान अवस्थामा सोसाइटीको आबद्धता रोक्ने कुनै कारण नरहेको स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, "हामी विधि/विधानभित्र सञ्चालन भइरहेका छौँ । सङ्क्रमणकालीन अवस्थामा छौँ । हामी मानवीय सेवामा काम गर्छौँ । विधानमा सुधार गर्दै सुशासन, पारदर्शीता र विधि स्थापित गर्न लागिरहेका छौँ । निर्वाचनमार्फत सुधार गर्न खोजिरहेका छौँ । सोसाइटीको आबद्धता खारेज गर्ने कुरा हल्ला र निराधार हो । बिना तथ्य र आधारमा आइएफआरसीले सदस्यता खारेज गर्न सक्दैन ।" उहाँका अनुसार आइएफआरसीको वार्षिक महासभा पनि कोरोनाका कारण एक वर्ष पर सरेको छ।

**नेपाल रेडक्रसलाई खोप सहयोग गर्दै**

कोभिड-१९ विरुद्धको खोप उत्पादक देश अमेरिका, चीन र बेलायतले आफ्ना रेडक्रसमार्फत नेपाल रेडक्रसलाई निःशुल्क खोप प्रदान गर्न शुरुआत गरेका छन्। यसक्रममा सोसाइटीलाई चिनियाँ रेडक्रस सोसाइटीले पहिलोपटक एक लाख मात्रा भेरोसिल खोप प्रदान गर्ने जनाएको छ भने अन्य दुई देशसँग निरन्तर पैरवी जारी रहेको जनाइएको छ।

नेपालका मानवीय सेवामा निरन्तर सहयोग गरिराखेका साझेदार रेडक्रस तथा रेडक्रिसेण्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घ (आइएफआरसी)मार्फत सोसाइटीले खोपका लागि 'लबिङ' (पैरवी) लाई तीव्र बनाएको थियो। अहिले पनि आइएफआरसीले 'कोभ्याक्स'अन्तर्गत विकासोन्मुख तथा गरिब देशहरूलाई खोप सहयोग गर्न खोप उत्पादक तथा धनी देशलाई निरन्तर पैरवी गर्दै आएको छ । अमेरिकाले हालै कोभ्याक्सअन्तर्गत १५ लाख मात्रा जोनसन खोप नेपाललाई प्रदान गरेको थियो भने चीनले ५८ लाख मात्रा भेरोसिल र भारतले १४ लाख ४८ हजार कोभिसिल्ड खोप नेपाललाई उपलब्ध गराइसकेको छ।

यसैगरी जापानले १६ लाख मात्रा एष्ट्राजेनेका प्रदान गर्ने प्रतिबद्धता जनाएको छ । महामन्त्री अर्यालले सहयोगअन्तर्गत देशले मानवीय खोप प्रदान गर्न शुरुआत गरेको र यस क्रममा चिनियाँ रेडक्रसले एक लाख मात्रा भेरोसेल प्रदान गर्न लागेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "चिनियाँ रेडक्रसले नेपाल रेडक्रसलाई खोप सहयोग दिने जानकारी आएको छ। अमेरिका र बेलायतबाट पनि खोप आउनेमा हामी आशावादी छौँ। ती देशका देशीय रेडक्रसमार्फत हाम्रो पैरवी निरन्तर जारी नै छ। ती देशका सोसाइटीबाट सकारात्मक सन्देश आएको छ।"

नेपालमा दुईमात्रा खोप लगाउनेको सङ्ख्या करिब चार प्रतिशत र एक मात्रा लगाउने छ प्रतिशत मात्र रहेको बताइएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको पछिल्लो विवरणअनुसार कोरोनाविरुद्ध ८९ लाख ८२ हजार ८५० मात्रा खोप आइसकेको छ । चौध लाख ५० हजारभन्दा बढीले पूर्ण खोप र ३४ लाख १५ हजारभन्दा बढीले पहिलो खोप लगाएका मन्त्रालयले जनाएको छ । अगामी चैतसम्म सबै नागरिकलाई खोप लगाउने वर्तमान सरकारले प्रतिबद्धता जनाएको छ । यसका लागि दुई मात्रा खोप लगाउँदा पाँच करोड ३५ लाख मात्रा खोप आवश्यक पर्छ।

यसैगरी विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वका सबैभन्दा गरिब ५० देशले दुई प्रतिशत मात्र खोप पाएका छन् । यी देशमा विश्वका १७ प्रतिशत जनसङ्ख्या बसोबास गर्दछन्। रोग प्रतिरोधात्मक क्षमताका लागि देशभित्र र अन्तर ष्ट्रियस्तरमा ६० देखि ७० प्रतिशत मानिसलाई खोप लगाइनुपर्छ।

महामन्त्री अर्यालका अनुसार चिनियाँ रेडक्रसमार्फत प्राप्त भएका खोप स्वास्थ्य मन्त्रालयको समन्वयमा स्वयंसेवक तथा अग्रपङ्क्तिमा खटिनेलाई लगाइने छ। हाल सोसाइटीमा १३ लाख स्वयंसेवक छन् । कोरोनाविरुद्धको सचेतना कार्यक्रम, आइसोलेशन सेन्टर, हेल्थडेस्क तथा खोप केन्द्रमा उनीहरू परिचालित छन् । नेपाल रेडक्रस, आइएफआरसीको मुख्यालय जेनेभा तथा विभिन्न देशमा रेडक्रसको देशीय निर्देशक भई मानवीय सेवामा लामो अनुभव सम्हाल्नुभएका उहाँले भन्नुभयो, "महामारी रोमथामको एक मात्र उपाय खोप नै हो । खोप उत्पादन गर्ने देशबाट धेरैभन्दा धेरै मात्रा खोप ल्याई सङ्कटासन्न समुदायका पहुँचमा खोप पुऱ्याउन मैले प्राथमिकता दिएको छु।"

सोसाइटीले महामारीको शुरुआती चरणदेखि यसका रोकथाममा उच्च प्राथमिकता दिई समुदायमा काम गरिरहेको छ । उसले आफ्ना अधिकांश कार्यक्रमलाई महामारी नियन्त्रणमा लगाएको छ। मास्क, स्यानिटाइजर, पिपिइ, शव व्यवस्थापनका लागि शव व्यवस्थापन झोला, अग्रपङ्क्तिमा खटिने स्वास्थ्यकर्मीलाई तालिम तथा कोभिड उपचारका लागि अस्पतालमा आवश्यक पर्ने सामग्री सरकारलाई सहयोग गर्दै आएको छ । साथै कोभिडबाट जोगिने उपायका बारेमा जनचेतना, क्वारेन्टिन तथा होल्डिङ सेन्टर, मनोसामाजिक परामर्श, अनाथ बालबालिका तथा ज्येष्ठ नागरिकलाई आर्थिक सहयोग तथा आवश्यक ब्ल्याङ्केट, तारपोलियन र स्वास्थ्य तथा सरसफाइका लागि आवश्यक सामग्रीसमेत उपलब्ध गराएको थियो । उहाँले भन्नुभयो, "नयाँ नयाँ भेरियन्टसहितको कोरोनाको सम्भावित तेस्रो लहरको जोखिमलाई कम गर्न तयारी शुरु गरेका छौँ । यसका लागि आइसक भेन्टिलेटर र अक्सिजनको जोहोमा लागेका छौँ।"

सोसाइटीले आफ्ना 'ग' वर्गका एम्बुलेन्सलाई स्तरोन्नति गर्दै 'ख' वर्गमा ल्याउने काम जारी रहेको जनाएको छ । हाल संस्थाका २४२ एम्बुलेन्स छन्। कोरोना नियन्त्रणका लागि जोखिम सञ्चार र समुदायको संलग्नता, वडा तहमा युवा परिचालन, स्वास्थ्य र सरसफाइ, खानेपानी र शौचालयलाई व्यवस्थित गर्न सहयोग जारी राखेको सोसाइटीले जनाएको छ । कोरोना सङ्क्रमितको उपचारमा आवश्यक हुने अक्सिजन सिलिण्डर, अक्सिजन कन्सन्ट्रेटर, भेन्टिलेटर, अक्सिजन उत्पादन प्लान्ट, पल्स अक्सोमिटर, थर्मलगन, पिपिइलगायतका सामग्री स्वास्थ्य मन्त्रालयको समन्वयमा वितरण जारी राखेको छ।

आइएफआरसीमार्फत २२५ अक्सिजन कन्सन्ट्रेटर तथा विभिन्न रेडक्रसमार्फत ५०० थान १० लिटर क्षमताका र १०० थान ४० लिटरभन्दा माथिका क्षमताका अक्सिजन सिलिण्डर सोसाइटीले प्राप्त गरेको थियो। सोसाइटीले दुई हजार ५०० अक्सोमिटर, एक हजार ५०० थर्मोमिटर, आठ लाख ४९ हजार ४८४ पिपिइ, मास्क, ग्लोब्स सरकारलाई सहयोग गरिसकेको छ । साथै ७७२ शव व्यवस्थापन झोला अस्पताल तथा स्थानीय तहमा वितरण गरिसकेको छ। महामन्त्री अर्यालले कोरोनाका कारण आर्थिक समस्यामा परेकाको जीवनस्तर माथि उकास्न ३४ जिल्लामा आयआर्जनका कार्यक्रम सञ्चालन हुन लागेका जानकारी दिनुभयो।

# कालीगण्डकीमा पौडी खेल्न गएका दुई बालक बेपत्ता

पोखरापत्र संवाददाता
बागलुङ, १५ साउन

कालीगण्डकी नदीमा पौडी खेल्न गएका बागलुङ नगरपालिका-४ का दुई बालक बेपत्ता भएका छन्।

जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी नायब उपरीक्षक तथा सूचना अधिकारी इकबाल हवारीका अनुसार बागलुङ नगरपालिका-४ उपल्लाचौर बस्ने हरिबहादुर विकका १३ वर्षीय छोरा अभिषेक विक र सोही स्थानका १३ वर्षीय यमबहादुर पुन बेपत्ता भएका हुन्।

उनीहरू बिहीबार दिउँसो करिब १:०० बजेको समयमा पौडी खेल्न कालीगण्डकी किनारा नियघाट गएको प्रनाउ हवारीले बताउनुभयो । चार जना बालक पौडी खेल्न गएकामा अन्य दुई जना प्रश्न विक र विशन पुन भने सम्पर्कमा आएका थिए । बेपत्ता दुई बालकको खोजी जारी रहेको प्रहरीले जनाएको छ।

खोजीकार्यमा विपद् व्यवस्थापन गुल्म बागलुङ परिचालन गरिएको छ।

# टोकियो ओलम्पिकमा सरस्वती चौधरी पहिलो चरणबाटै बिदा

रासस
काठमाडौँ, १५ साउन

जापानको राजधानी टोकियोमा जारी ३२ औँ ग्रीष्मकालीन ओलम्पिक खेलकुदमा नेपालकी एथलेटिक्स खेलाडी सरस्वती चौधरी पहिलो चरणबाटै बाहिरिनुभएको छ। केहीबेर अघि भएको खेलमा चौधरीले महिला १०० मिटर दौडमा खासै उल्लेख्य प्रदर्शन गर्न सक्नुभएन । उहाँले निर्धारित दूरी १२ दशमलव ९१ सकेण्डमा पूरा गर्नुभयो। नौ खेलाडी सम्मिलित सो समूहमा चौधरी आठौँ हुनुभयो। उहाँले आफ्नै प्रदर्शनमा समेत सुधार गर्नसक्नुभएन । यसअघि चौधरीले १०० मिटर दौड पूरा गर्न १२ दशमलव ५५ सकेण्ड खर्चिएको रेकर्ड छ। चौधरीको खेल प्रदर्शनसँगै टोकियो ओलम्पिकमा नेपाली खेलाडीको प्रतिस्पर्धा सकिएको छ।

नेपालबाट चार खेलमा पाँच खेलाडी टोकियो ओलम्पिकमा सहभागी भएका थिए। सुटिङकी कल्पना परियार, जुडोकी सोनिया भट्ट, पौडीका एलेक्स शाह र गौरिका सिंहले यसअघि खेलिसक्नुभएको छ । चारै जना पराजित भई प्रतियोगिताबाट बाहिरिनुभएको छ। परियारले महिला १० मिटर एयरराइफल, भट्टले महिला ४८ किलो तौल समूह, शाहले १०० मिटर फ्रिस्टाइल तथा सिंहले १०० मिटर फ्रिस्टाइलमा प्रतिस्पर्धा गर्नुभएको थियो। पौडीमा शाह र सिंह तथा सुटिङमा परियारले आ-आफ्नो खेलमा राष्ट्रिय कीर्तिमान बनाउनुभएको थियो।

# रुखमा अड्किँदा ...

पोखरापत्र संवाददाता
म्याग्दी, १५ साउन

म्याग्दीको धवलागिरि गाउँपालिका-७ बादिकामा आज जिप दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने चालकसहित आठ जना सामान्य घाइते भएका छन्।

मृत्यु हुनेमा धौलागिरि गाउँपालिका-७ ताकमका २७ वर्षीय विकास सुनार रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक श्यामकुमार राईले जानकारी दिनुभयो। उहाँका अनुसार ताकमदेखि दरबाङ हुँदै बेनीतर्फ आउँदै गरेको ग१ज ६८०५ नम्बरको बोलेरो पिकअप जिप दरबाङ-धारापानी सडकअन्तर्गत बादिकाको भिरबाट खसेको थियो । चालक आकाश रसाइलीको निधार र घाँटीमा चोट लागेको छ । घाइतेको दरबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भइरहेको जनाइएको छ। सडकबाट पल्टिएर सल्लाको रुखमा अड्किदासम्म जिपभित्रै रहेका यात्रु बाँचेका हुन्।

जिपबाट खसेका सुनारको केही तल शव भेटिएको घटनास्थलमा पुगेका इलाका प्रहरी कार्यालय दरबाङका प्रहरी निरीक्षक सन्तोष पौडेलले बताउनुभयो । स्थानीयवासी, दरबाङ र ताकमको प्रहरी टोलीले घाइतेको उद्धार गरेर दरबाङ लगेको थियो । दुर्घटना भएको ठाउँको सडक उकालो र साँघुरो छ। दुर्घटनाको बारेमा थप अनुसन्धान शुरु गरेको प्रहरी निरीक्षक पौडेलले बताउनुभयो।

# हिमचितुवाको आक्रमणबाट १७ खच्चड र घोडा मरे

पोखरापत्र संवाददाता
गोरखा, १५ साउन

उत्तरी गोरखामा हिमचितुवाको आक्रमणबाट १७ घोडा र खच्चडको मृत्यु भएको छ । चुम्चेतको सुलेप लेकमा गएको दुई साताँदेखि लगातार हिमचितवाले घोडा र खच्चड माथि आक्रमण गर्न थालेको चुमनुब्री गाउँपालिका-६ का वडाध्यक्ष लोप्साङ लामाले जानकारी दिनुभयो।

"चुम्चेतको लेकको खर्कमा चराउन छाडिएकामध्ये १६ खच्चड र एक घोडा हिमचितुवाले मारिसकेको छ", उहाँले भन्नुभयो, "अहिले बर्खाका बेला सामान ढुवानी गर्न बाटो नभएकाले लेकमा चराउन खच्चड र घोडा छाडिएका बेला चितुवाले धमाधम आक्रमण गर्न थालेको हो।"

सडक यातायातको पहुँच नपुगेको उत्तरी क्षेत्रमा खच्चडबाट नियमितरुपमा सामान ढुवानी गर्ने गरिन्छ । "जेठ अन्तिम साताँदेखि परेको अविरल वर्षाका कारण उत्तरी क्षेत्रमा पदैल र खच्चड हिँड्ने बाटोसमेत अवरुद्ध छ", लामाले भन्नुभयो, "चरनका लागि लेकमा छाड्ने चलन छ, चितुवाले आक्रमण गरेर मार्न थालेपछि अब छाड्न पनि डर भएको छ।"

उहाँले चरनका लागि खर्कमा छाडिएका खच्चड र घोडा नभेटिएपछि खोजी गर्दा चितुवाले मारेको भेटिएको बताउनुभयो । वडाध्यक्ष लामाले स्थानीय आङ्दी लामा, बुम्भिमा लामा र चिन्नबहादुर गुरुङले पाल्दै आएका घोडा र खच्चडलाई चितुवाले आक्रमण गरी मारेको जानकारी दिनुभयो।

# प्रकाश मानवअधिकार पुरस्कार चौधरीलाई

रासस
काठमाडौँ, १५ साउन

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले यसवर्षको '२७ औँ प्रकाश मानवअधिकार पुरस्कार' फिरुलाल चौधरीलाई प्रदान गर्ने भएको छ । पुरस्कार छनौट समितिले शोषण, विपन्नता, विभेदमुक्त समाज निर्माणको अभियानमा तीन दशकदेखि क्रियाशील रहनु भएका कैलाली जानकी गाउँपालिकाका चौधरीलाई पुरस्कार दिने निर्णय गरेको इन्सेकका अध्यक्ष इन्दिरा श्रेष्ठले जानकारी दिनुभयो।

इन्सेकका महासचिव रुद्रबहादुर चर्मकारको संयोजकत्वमा गठन भएको तीन सदस्यीय पुरस्कार छनोट समितिले चौधरीलाई पुरस्कृत गर्न कार्यसमितिलाई सिफारिस गरेको थियो । पुरस्कार नगद रु ५० हजारसहित सम्मानपत्र प्रदान गरिने छ।

इन्सेकका संस्थापक महासचिव स्व प्रकाश काफ्लेको २०४९ साउन १६ गते नुवाकोटको घोप्टेभिरमा थाई एयर दुर्घटनामा निधन भएको थियो।

नेपालको मानव अधिकार र सामाजिक न्यायको अभियानमा उहाँले पुऱ्याउनु भएको योगदानको स्मरणलाई चिरस्थायी बनाउने उद्देश्यले इन्सेकले पुरस्कार स्थापना गरेको हो।

नेपालको मानव अधिकार, राजनीति, शिक्षा, स्वास्थ्य तथा सामाजिकलगायतका क्षेत्रमा विशिष्ट योगदान गरेका व्यक्तित्वलाई प्रकाश स्मृति दिवसको अवसर पारेर पुरस्कार प्रदान गर्दै आइरहेको छ। अहिलेसम्म यस पुरस्कारबाट २६ जना पुरस्कृत भइसक्नुभएको छ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सम्मान मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : मन चञ्चल |
| कर्कट | : शारीरिक झमेला | मकर | : मानसिक तनाव |
| सिंह | : शत्रुको भय | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्पर्कहोस्।

# हजुरबाको चिन्ता नातिनीमा



वामनप्रसाद ढेवाजु
गौडाकोमुख-१३

नातिनी तिमी एक्लै यात्रामा निस्कदै छौ शुभकामना मेरो
मलाई डर पनि लागि रहेछ तिमी एक्लै जादै छौ यात्रामा
तिमी सानी छौ मेरो लागि तर दुष्ट नियत राख्नेको
लागि तिमी सानी भएनौ
तिमी गन्तव्यमा पुगेको समाचार नसुनेसम्म म बेचहिन हुनेछु
समाजमा असल मान्छे मात्र होइन दुष्ट मानिसहरु पनि छन्
ती दुष्ट मानिसका हातहरु निर्मम हुन्छन्
ती दुष्टहरुको नियत पनि खराब हुन्छ
तिनीहरु आक्रमक हुन्छन्
नारीहरु माथि तिनीहरु को दृस्टी सधै खराब हुन्छन् कठोर पनि
कुनै दया हुदैन कुनै माया हुदैन
एकान्त पाए आक्रमण गरि दिन्छन्।
कसैको इज्जत हत्या गर्न डराउदैन ती दुष्टहरु
ती दुष्टहरु संग बच्न र सहयोग पाउन पनि मुस्किल नै हुन्छ किनकी
ती दुष्टहरुले एकान्तमै आक्रमण गर्दछन
जाहाँ कोहि हुदैन सुनसान ठाँउनै रोज्दछन्

# आधा क्षमतामा होटल खुले

–रामबहादुर थापा
बागलुङ, १५ साउन (रासस)

पचास प्रतिशत नबढ्ने गरी पाहुना राख्न पाउने गरी यहाँका होटललाई सेवा सञ्चालनको अनुमति दिइएको छ । जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको बैठकले जनस्वास्थ्य मापदण्डको पूर्ण पालनासहित आजदेखि आधा क्षमतामा होटल खोल्न दिने निर्णय गरेको हो ।

यसअघि होटल तथा रेष्टुराँलाई साँझ ७ बजेसम्म मात्र 'टेक अवे' र 'होम डेलिभरी' दिन पाउने प्रावधान तोकिएको थियो । व्यवसायीको मागलाईसमेत दृष्टिगत गरी होटल सञ्चालनको अनुमति दिइएको केन्द्रले जनाएको छ ।

होटल व्यवसायीले प्रमुख जिल्ला अधिकारीसमक्ष खोपको प्रबन्ध र व्यवसाय सञ्चालनमा सहजीकरण गर्न माग गर्दै गत सोमबार ज्ञापनपत्र बुझाएका थिए । होटल व्यवसायी र कर्मचारीले छिट्टै खोप पनि पाउने भएका छन् । बागलुङ होटल तथा रेष्टुराँ व्यवसायी सङ्घका अध्यक्ष निलेश राजभण्डारीले स्वास्थ्य मापदण्ड अपनाएर सेवा दिन होटल तयार रहेको बताउनुभयो । सेवा क्षेत्रका व्यवसायमा आबद्ध सबैलाई खोपको सुनिश्चिता हुनुपर्ने उहाँको भनाइ छ । कोरोनाको प्रत्यक्ष मारमा परेको होटल क्षेत्रलाई उकास्न राज्यले व्यवसायी लक्षित राहत तथा पुनःस्थापना कार्यक्रम ल्याउनुपर्ने माग गर्दै आएका छन् । जिल्लामा झण्डै २०० होटल तथा रेष्टुराँ छन् । बन्दाबन्दी र निषेधाज्ञाका कारण विगत डेढ वर्षदेखि व्यवसाय थलिएको छ । कतिले रोजगारी गुमाएका छन् । रेष्टुराँ सञ्चालनमा भने अझै पनि कडाइ कायमै छ । रेष्टुराँ तथा खाजाघरले साँझ ७ बजेसम्म मात्र 'टेक अवे' र 'होम डेलिभरी' सेवा दिन पाउँछन् । खुकुला प्रावधानसहित जारी निषेधाज्ञा अर्को सूचना जारी नभएसम्म यथावत् रहने केन्द्रले जनाएको छ ।

सार्वजनिक यातायातदेखि पसल, व्यवसाय सबैलाई समय र सेवाको मापदण्ड तोकेर खुला गरिएको छ । शैक्षिक संस्था, मठ मन्दिरलगायत मानिसको भीडभाड हुने क्षेत्रमा भने प्रतिबन्ध कायमै छ । सहकारी, बैंक तथा वित्तीय संस्थाले पनि पूर्ववत्रुपमा नियमित सेवा दिइरहेका छन् । सहकारीले घरदैलो गरेर बचत सङ्कलन गर्ने कार्यमा भने रोक लगाइएको छ । 'पार्टी प्यालेस', सौन्दर्य व्यवसाय, शैलुन, जिमखाना, खेलकूदस्थल, सिनेमा घर, तालीम केन्द्र आदि सञ्चालनमा भने रोक लगाइएको छ ।

धार्मिकस्थलमा पनि नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्न पाइने जनाइएको छ । अत्यावश्यक काम नपरी घर बाहिर हिँडडुल नगर्न र जानै परेमा स्वास्थ्य सुरक्षाका मापदण्ड अनिवार्यरुपमा अपनाउन जनसाधारणमा आग्रह गरिएको छ ।

कोरोना भाइरस सङ्क्रमण रोक्न जिल्लामा गत वैशाख २१ गतेदेखि निषेधाज्ञा जारी छ । यहाँ कोरोनाका सक्रिय सङ्क्रमित ३४४ छन् भने ६२ जनाले सङ्क्रमणका कारण ज्यान गुमाएका छन् ।

# म्याग्दीमा बर-पिपल, चौतारी, पोखरी संरक्षण अभियान

पोखरापत्र संवाददाता
म्याग्दी, १५ साउन

धार्मिक मान्यता र पर्यावरणीय शुद्धतासँग साइनो गाँसिएका बर-पिपल, चौतारी र पोखरीको संरक्षण तथा मर्मतसम्भारका लागि म्याग्दीका विभिन्न गाउँमा अभियान नै सञ्चालन गरिएको छ ।

छवटा स्थानीय तह रहेको म्याग्दीका धवलागिरि गाउँपालिकाबाहेक बेनी नगरपालिका, मुङ्गला, मालिका, रघुगङ्गा र अन्नपूर्ण गरी पाँचवटा स्थानीय तहका १४ वटा वडामा बर-पिपल लगाउने र चौतारी-पोखरी निर्माण गर्ने कामले तीव्रता पाएको छ ।

बेनीलगायत केही स्थानीय तहका वडाले बजेट नै छुट्याएर बर-पिपल र चौतारी-पोखरी संरक्षण, मर्मत तथा निर्माण गरेका छन् भने कुनै वडामा स्थानीय सामुदायिक वन उपभोक्ता समूह, समुदाय र व्यक्तिगतरूपमा समेत बर-पिपल लगाउने र चौतारी पोखरी निर्माण गर्ने काम भइरहेको छ । बेनी-६ ले गत वर्षदेखि वडाभित्र रहेका पुराना बर-पिपल, चौतारी-पोखरी र पँधेरा-कुवाको संरक्षण अभियानमा करिब रु पाँच लाख बजेट नै खर्च गरेको वडाध्यक्ष कृष्णबहादुर बानियाँले जानकारी दिनुभयो ।

पुराना सम्पदाको संरक्षणसँगै नयाँ पुस्तालाई जानकारी गराउने गरी वडाभित्र रहेका दशकौँ अगाडिका बर-पिपल, चौतारी, पोखरी र धाराको संरक्षण गरिएको उहाँले बताउनुभयो । ग्रामीण वस्तुको सुन्दरतालाई कायम राख्न वर्षौं पहिले रोपिएका बर-पिपल र निर्माण गरिएका चौतारी, पोखरी, कुवा र धारा (पँधेरा)को संरक्षण र मर्मतमा स्थानीयवासीको चासो बढेको अध्यक्ष बानियाँले बताउनुभयो ।

उहाँका अनुसार १०० वर्षभन्दा पुराना बर-पिपलका रुख रोप्नेहरूको विवरण सङ्कलन गरी परिवारबाटै संरक्षणको प्रयास गरिएको छ । गत वर्ष पोखरी संरक्षणका लागि गण्डकी प्रदेशबाट प्राप्त बर-पिपल संरक्षण तथा रोपणका लागि रु तीन लाख र चौतारी तथा कुवाका मर्मतसम्भारका लागि रु दुई लाख बजेट खर्च गरिएको उहाँले बताउनुभयो । उक्त बजेटबाट थानकपोखरी र जरबुटामा बर-पिपल रोपण र चौतारी निर्माण, छापको घोतघोतको पोखरी संरक्षण गरिएको थियो । बर-पिपल रोप्ने, चौतारी पोखरी बनाउनेको अभिलेख राख्ने र वडामा रहेका प्राकृतिक तथा ऐतिहासिक सम्पदाको तथ्याङ्क राख्ने कामसमेत वडाले गरेको छ । वडामा अहिलेसम्मको तथ्याङ्कअनुसार ५० भन्दा बढी बर-पिपल र चौतारी छन् । त्यसैगरी ५० भन्दा धेरै पानीका कुवा र पोखरी पुरिएको अवस्थामा भेटिएको वडाले जनाएको छ । स्थानीयवासीको सहयोगमा बर-पिपल मास्न, काट्न, रुखको मौलिकतालाई बिगार्न नदिने र पुरानो भएर जोखिमपूर्ण अवस्थामा पुगेका रुखको वडा कार्यालयबाट अनुमति लिएर हाँगा, काँटछाँट गर्ने जिम्मेवारी दिइएको छ । त्यसैगरी बेनी-५ पुलाचौरको देउपुर्ने, आँटी पानीपँधेरा सामुदायिक वनमा १०८ बर-पिपलका बिरुवा रोपिएको छ । वातावरणीय प्रदूषण कम गर्ने उद्देश्यले सामुदायिक वन क्षेत्रमा १०८ बर-पिपलसहित स्वामी र बेलका गरी १३७ वटा बिरुवा रोपिएको हो । देउपुर्ने र आँटी पानीपँधेरा सामुदायिक वन उपभोक्ता समिति र विश्व हिन्दू महासङ्घ बेनी-५ को सहकार्यमा बिरुवा रोपण कार्यक्रम गरिएको देउपुर्ने र आँटी पानीपँधेरा सामुदायिक वन उपभोक्ता समितिका सदस्य चिरञ्जीवी सुवेदीले जानकारी दिनुभयो ।

बेनी-२ ज्यामरुककोटमा स्थानीयवासी चन्द्रबहादुर कार्कीले आफ्नै निजी लगानीमा १७ वटा चौतारी निर्माण, १७४ ठाउँमा बर-पिपल रोपण र आठवटा पोखरी निर्माण गर्नुभएको छ । "मैले यो काम धर्म कमाउने लोभले नभई वातावरणको शुद्धता र बटुवालाई शीतलता प्राप्त होला भनेर गरेको हुँ", ५६ वर्षीय कार्कीले भन्नुभयो । पछिल्लो समय सार्वजनिक ठाउँमा बर-पिपल रोप्ने र सडकको छेउछाउ वा गोरेटो बाटोको नजिक चौतारी बनाउने क्रम बढ्दै गएकामा गाउँका वृद्धवृद्धाले प्रशन्नता व्यक्त गरेका छन् ।

# एक चौथाइ विकास बजेट खर्च एक महिनामै

– कृष्ण न्यौपाने
दमौली, १५ साउन (रासस)

तनहुँमा असार महिनामा मात्रै सङ्घ सरकार मातहतका कार्यालयले विकास बजेटको एक चौथाइ रकम खर्च गरेका छन् । आर्थिक वर्ष २०७७/७८ का लागि विनियोजितमध्ये २६.९० प्रतिशत बजेट असारमा मात्रै खर्च भएको हो ।

उक्त आवका लागि विकास बजेटतर्फ रु तीन अर्ब ४४ करोड ४९ लाख ६७ हजार ६३९ विनियोजन गरिएकामा असारमा मात्रै रु ९२ करोड ६६ लाख ८३ हजार ९८७ खर्च भएको कोष तथा लेखा नियन्त्रण कार्यालयले जनाएको छ ।

त्यस्तै सोही अवधिमा चालूतर्फ ११.८२ प्रतिशत बजेट खर्च भएको छ । चालूतर्फ रु नौ अर्ब ५६ करोड १७ लाख ६४ हजार ९८ विनियोजन गरिएकामा असारमा रु एक अर्ब १३ करोड एक लाख ४६ हजार ५४७ खर्च भएको कोष नियन्त्रक विनोद भट्टराईले जानकारी दिनुभयो ।

यस्तै प्रदेश सरकारतर्फका कार्यालयले असारमा मात्रै ४१.३३ प्रतिशत पूँजीगत बजेट खर्च गरेका छन् । प्रदेश सरकारका तर्फबाट पूँजीगततर्फ रु दुई अर्ब ४० करोड ४८ लाख ४१ हजार ७२ विनियोजन गरिएकामा एकै महिनामा रु ९९ करोड ३८ लाख ३३ हजार ८५३ खर्च भएको कार्यालयले जनाएको छ । साथै सोही अवधिमा चालूतर्फ २२.७२ प्रतिशत बजेट खर्च भएको छ । चालूतर्फ रु ९० करोड ६१ लाख एक हजार विनियोजन गरिएकामा रु २० करोड ५९ लाख १० हजार ८८७ खर्च भएको भट्टराईले बताउनुभयो ।

"असारमा रकम निकासा हुने भएकाले यो एकै महिनामा धेरै बजेट खर्च भएको जस्तो देखिन्छ", उहाँले भन्नुभयो, "अन्तिम अन्तिम भएकाले पनि यो बेला धेरै काम हुने गरेको छ ।"

**कूल बजेट खर्च ८५.०४ प्रतिशत**

उक्त आवमा सङ्घ र प्रदेशतर्फबाट विनियोजितमध्ये ८५.०४ प्रतिशत बजेट खर्च भएको छ । सङ्घतर्फ ८३.१३ र प्रदेशतर्फ ९२.६७ प्रतिशत बजेट खर्च भएको हो । गत आर्थिक वर्ष २०७६/७७ मा सङ्घतर्फ ८७.३० प्रतिशत बजेट खर्च भएको थियो भने प्रदेशतर्फ ७५.३१ प्रतिशत बजेट खर्च भएको थियो । गत वर्षभन्दा सङ्घतर्फ ४.२० प्रतिशत बजेट कम खर्च भएको छ भने प्रदेशतर्फ १७.३६ प्रतिशत बजेट बढी खर्च भएको तथ्याङ्कले देखाएको छ ।

सङ्घतर्फ चालूतर्फ रु आठ अर्ब ७७ करोड ८५लाख ४६ हजार ७६६ र पूँजीगततर्फ रु दुई अर्ब तीन करोड २० लाख एक हजार १८४ बजेट खर्च भएको छ । प्रदेशतर्फ चालूतर्फ रु ८० करोड १२ लाख ६३ हजार ५५२ र पूँजीगततर्फ रु दुई अर्ब २६ करोड ६९ लाख ४२ हजार ४८८ खर्च भएको कार्यालयले जनाएको छ ।

**राजस्व बढ्यो**

जिल्लास्थित सरकारी कार्यालयले गत आवभन्दा यस अवधिमा राजस्व सङ्कलन वृद्धि गरेका छन् । सङ्घ र प्रदेशतर्फका कार्यालयले आव २०७७/७८ मा राजस्व सङ्कलन वृद्धि गरेका हुन् । यस वर्ष रु आठ अर्ब ५० करोड २६ लाख ६१ हजार राजस्व सङ्कलन भएको छ । जिल्लामा आर्थिक वर्ष २०७६/७७ मा रु सात अर्ब ३५ करोड दुई लाख ५६ हजार राजस्व सङ्कलन भएको थियो ।

# बजेट अभावले धवलागिरि अस्पतालको एनआइसीयू अलपत्र

पोखरापत्र संवाददाता
बागलुङ, १५ साउन

बजेट अभावले धवलागिरि अस्पतालमा निर्माण शुरु भएको शिशु सघन उपचारकक्ष अलपत्र परेको छ । जन्मेदेखि चार सातासम्मका बालबालिकाका लागि स्थापना गर्न थालिएको शिशु सघन उपचारकक्ष (एनआइसीयू) निर्माणले बजेट अभावका कारण गति लिन नसकेको हो ।

गण्डकी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयले गत आर्थिक वर्षमा उक्त कक्ष निर्माणका लागि रु ६० लाख उपलब्ध गराएको थियो । रु तीन करोडको आश्वासन पाएको अस्पतालले उक्त कक्ष निर्माणको काम थालेको थियो । विनियोजित बजेटले एनआइसीयूका लागि आवश्यक उपकरणलगायतका व्यवस्थापन अपुग भएको अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेन्ट डा शैलेन्द्र विक पोखरेलले बताउनुभयो ।

"हामी अत्यावश्यक परेमा अहिलेसम्म निर्माण भएको संरचनाबाट उपचार गरिरहेका छौँ, तर आवश्यक सबै पूर्वाधार र उपकरण तयार गर्न बजेटको अभाव छ", पोखरेलले भन्नुभयो, "छिमेकी जिल्लाका अस्पतालले रु तीन करोड पाउँदा धवलागिरिले रु ६० लाखमात्रै पाएको विषयमा खोजी भइरहेको छ ।"

कुनै समय सिफारिस केन्द्रका रूपमा परिचित धवलागिरि अस्पतालले बागलुङमा दुई वर्षयता संरचना र जनशक्तिको प्रयोग गरेर सेवा दिने अस्पतालका रूपमा विकास गरिरहेको छ । एक वर्षअघि यस अस्पतालमा तीन शय्याको सघन उपचारकक्ष स्थापना भएको थियो ।

अस्पतालमा तत्काल एनआइसीयू स्थापना भए नवजात शिशुको सुरक्षित उपचार हुने भएकाले काठमाडौँ तथा पोखरा धाइरहनुपर्ने बाध्यता अन्त्य हुने अस्पताल विकास समितिका अध्यक्ष केवी राना बताउनुहुन्छ । "हामी काम गर्न तयार छौँ र गरिरहेका छौँ, सरकार आश्वासन दिन्छ बजेट दिँदैन", राना भन्नुन्छ, "धवलागिरि अस्पतालमा सबै क्षेत्रको सहयोग र समर्थन भए अस्पताल सक्षम अस्पतालका रूपमा विकास हुन्छ ।"

एनआइसीयू बनेमा चार सातासम्मका बालबालिकाको सुरक्षित उपचार हुने अस्पतालका बालरोग विशेषज्ञ प्रकाश थापाले बताउनुभयो । अस्पतालले आपत् कालीन प्रयोगका लागि भेन्टिलेटर राखेर उक्त कक्ष सञ्चालनमा भने ल्याएको छ । बाढीपहिराका कारण सडक अवरुद्ध भएर काठमाडौँ, पोखरा पुग्न नसक्दा बिनाउपकरण पनि चिकित्सक र स्वास्थ्यकर्मीले एनआइसीयू कक्ष सञ्चालन गरेर उपचार गरेका थिए ।

आपत्कालीन सञ्चालनका लागि समेत जनशक्तिको अभाव छ । सिकिस्त भएका, ज्वरो बढी आएका, दूध चुस्न नसक्ने, श्वास फेर्न गाह्रो भएका नवजात शिशुलाई एनआइसीयूमा नै राखेर उपचार गर्नुपर्ने डा पोखरेल बताउनुहुन्छ ।

# हराउँदै गयो पोषिलो खिरको मौलिक स्वाद

–ध्रुवसागर शर्मा
म्याग्दी, १५ साउन (रासस)

साउन १५ अर्थात् 'राष्ट्रिय खिर दिवस', शारीरिक तथा मानसिक स्वास्थ्यका लागि आवश्यक फस्फोरस, क्लोरिन, क्याल्सियम, पोटासियम, सेडियम, म्याग्नेसियमलगायत खनिज पदार्थले युक्त दूधबाट बनाइएको खिर खाएर यो दिवस मनाइँदै छ ।

राष्ट्रिय दुग्ध विकास बोर्डले पनि 'पोषिलो खिर उपभोग गरौं निरन्तर, हुन्छ स्वस्थ शरीर' भन्ने नारासहित खिर दिवस आयोजना गरेको छ । गाउँघरमा गाई भैंसी पाल्ने चलन कम हुँदै गएपछि पोषिलो खिरको मौलिक स्वाद पनि हराउँदै गएको छ । विगतका समय प्रत्येक घरमा गाई भैंसी पालेर दूध, दही, मोही, नौनी खाने चलन अहिले हराउँदै गएकाले वर्षको एकदिनमात्र परम्परा धान्ने र अरुलाई देखाउनकै लागि भए पनि डेरीको दूधमा खिर बनाएर खाने चलन विकसित हुँदै गएको गाउँका बूढापाकाको गुनासो छ ।

हिजोआज गाउँघरमा पनि रड, बालुवा, सिमेन्ट र इँटाका पक्की निर्माणको क्रम बढ्नाका साथै गाईभैंसी पाल्न बनाइने गोठ पनि हराउँदै गएको छ । भएका गोठमा पनि गाईभैंसी होइन मोटर, मोटरसाइकल र अन्य सवारी साधनको विश्रामस्थल बनेको छ । भान्छामा बजारबाट खरिद गरी ल्याइने डेरीको दूधले खिर पाक्न थालेकाले खिरको मौलिक स्वाद विस्थापित हुँदै गएको बेनी नगरपालिका-२ का पदमपाणि शर्माले बताउनुभयो । 'गाउँमा गाईभैंसी पाल्न छोडिसके, बजारबाट दूध ल्याएर प्रेसर कुकरमा सिठ्ठी लगाएर बनाइएको खिरमा पहिलाको जस्तो स्वाद कहाँ पाउँनु' ६८ वर्षीय शर्माले भन्नुभयो, 'दूध, दही र मोहीको ठाउँ कोक, डिउ र फ्यान्टाले लिए । हिजोआजका केटाकेटीलाई खिर कस्तो हुन्छ र के बाट बन्छ भन्ने कुरा पनि थाहै छैन ।' गाईभैंसीको दूधमा रोग प्रतिरोधात्मक क्षमता प्रशस्त हुने हुँदा खिर बनाइ सेवन गरेमा शरीरलाई पोषण तत्व प्राप्त हुने आर्युवेद शास्त्रमा उल्लेख छ । त्यस्तै वर्षा ऋतु, झरी-बादलका बेला र साउन महिनाको मध्यमा खिर खानाले शरीर स्वास्थ हुने भएकाले यस वर्षदेखि साउन १५ लाई खिर दिवसको रुपमा मनाउन थालिएको बताइन्छ ।

वर्षेनी आजका दिन बेनी बजारका डेरी पसलमा साविकको भन्दा पाँच गुणा बढी दूध खपत हुने गर्छ । कर्डैल डेरीकी सञ्चालिका राधिका कर्डैलका अनुसार साउन १५ मा खिर खानकै लागि अघिल्लो दिन नै साविकको भन्दा ६४ लिटर बढी दूध थपिए पनि सबैको माग पूरा गर्न सकिने अवस्था छैन ।

चौधौँ शताब्दीदेखि छिमेकी मुलुक चीनबाट शुरु भएको खिर खाने प्रचलन हाल विश्वका प्रायजसो मुलुकमा फैलिएको छ । विशेषगरी सार्क क्षेत्र, पश्चिम एसिया, उत्तरी अफ्रिका र मध्यपूर्वका देशमा खिर खाने चलन बढिरहेको पाइएको छ ।

सरकारी तथ्याङ्कअनुसार देश दूधमा आत्मनिर्भर उन्मुख भएको देखिन्छ । प्रतिव्यक्ति वार्षिक ९१ लिटर दूध आवश्यक पर्नेमा अहिले ७८ लिटर दूध प्राप्त हुने देखिएको १३ लिटर दूध मात्र अभाव भएको राष्ट्रिय दुग्ध विकास बोर्डको तथ्याङ्कमा उल्लेख छ । दुग्ध उत्पादनका लागि मात्रै देशमा करिब रु ३० अर्बको लगानी भएको कृषि तथा सहकारी मन्त्रालयको तथ्याङ्क छ । कृषि क्षेत्रमध्ये दूधमा गरिएको लगानी दोस्रो स्थानमा रहेको छ ।

# असोजसम्म एक करोड ८३ लाख ८२ हजार खोप आउने

रासस
काठमाडौं, १५ साउन

सरकारले कोरोना भाइरस सङ्क्रमणविरुद्धको खोप आगामी असोजमसान्तसम्म एक करोड ८३ लाख ८२ हजार ८५० मात्रा ल्याउने भएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा कृष्णप्रसाद पौडेलद्वारा आज जारी भएको विज्ञप्तिमा आगामी असोजमसान्तसम्म सरकारले चीन, जापान र भारतबाट कूल एक करोड ८३ लाख ८२ हजार ८५० खोप ल्याउने तयारी गरेको उल्लेख छ । उहाँका अनुसार चीनको साइनोफार्म कम्पनीबाट ६० हजार मात्रा खोप खरिदको सम्झौता अगाडि बढिसकेको छ । त्यस्तै कोभ्याक्स सुविधामार्फत जापान सरकारले एस्ट्राजेनिका १६ लाख मात्रा र भारतबाट खरिद गरेको १० लाख मात्रा कोभिशिल्ड आउने छ । उहाँले कोभ्याक्समार्फत १२ वर्षमाथिका बालबालिकाका लागि एक करोड ५० लाख मात्रा खोप ल्याउने गृहकार्य पनि अगाडि बढेको जानकारी दिनुभयो ।

मन्त्रालयले कोभ्याक्सबाट निःशुल्क २० प्रतिशत जनसङ्ख्याको लागि प्राप्त हुने एक करोड १३ लाख मात्रा खोप पनि क्रमशः प्राप्त हुँदै जाने र चैत मसान्तसम्म सबै नेपालीलाई खोप दिलाउने योजना रहेको छ । सरकारले अहिलेसम्म ९७ लाख ८२ हजार ८५० खोप प्राप्त गरिसकेको जनाएको छ । तीमध्ये भारतबाट १० लाख मात्रा, नेपाली सेनालाई एक लाख अनुदानमा, कोभ्याक्सबाट तीन लाख ४८ हजार मात्रा, चीनबाट दुई पटक अनुदानमा १८ लाख मात्रा भेरोसेल खोप र चीनबाट खरिद गरेको ५८ लाख मात्रा भेरोसेल खोप, र अमेरिकाबाट अनुदानमा प्राप्त जोन्सन एण्ड जोन्सन खोप १५ लाख ३४ हजार ८५० मात्रा रहेका छन् ।

मन्त्रालयले खोप आयात गर्न इच्छुक निजी क्षेत्रलाई पनि विश्व स्वास्थ्य सङ्गठन र नेपालको नियामक निकाय औषधि व्यवस्था विभागबाट आकस्मिक प्रयोग अनुमति प्राप्त कुनै पनि खोपको उत्पादन मूल्य र आयात खर्चमा अधिकतम १० प्रतिशत मुनाफा लिएर खरिद गर्न दिइएको उहाँले जानकारी दिनुभयो ।

यस्तै कोरोना भाइरस सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि मन्त्रालयले अहिलेसम्म हाई डिपेन्डेन्सी युनिट (एचडियु) दुई हजार ७५ सरकारी र ७७८ निजीमा थपिएको छ । यस्तै एक हजार ४०० एचडियु थप्ने योजनामा रहेको मन्त्रालयले जनाएको छ । भेन्टिलेटर ९०४ रहेको र थप १८० थप्ने क्रममा रहेको छ । बालबालिकाका लागि १८० भेन्टिलेटरसहित २५० सघन उपचार कक्ष (आइसियु) शय्या थप्ने क्रममा रहेको मन्त्रालयले जनाएको छ ।

# मानव बेचबिखन नियन्त्रणमा नेपालको प्रगति

पोखरापत्र संवाददाता
पोखरा, १५ साउन

कोभिड-१९ महामारीको नकारात्मक प्रभावकाबीच नेपाल सरकारले मानव बेचबिखन नियन्त्रणमा प्रगति गरेको पाइएको छ ।

यूएस मानव बेचबिखन प्रतिवेदन, २०२१ अनुसार नेपालले पालेर्मो आलेखको अनुमोदन, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनमा संशोधनजस्ता कदमसहित मानव बेचबिखनविरुद्ध निरन्तर रुपमा जनचेतना जगाउने कार्य गर्दै आएको छ । हाल नेपाल उक्त सवालमा दोस्रो तहमा रहेको छ । प्रादेशिक र सथानीय तहमा पनि संयुक्त राष्ट्रसङ्घको मानव बेचबिखनविरुद्धको अन्तरराष्ट्रिय दिवसका अवसरमा शुक्रबार आयोजित भर्चुअल कार्यक्रममा यी चुनौतीको सामना गर्न मानव बेचबिखनमा परेकाको प्रभावकारी सहभागिता हुनुपर्छ भन्नेमा जोड दिइएको छ । कोभिड-१९ का कारण लगाइएको बन्दाबन्दीले गर्दा मानव बेचबिखनकर्ताले सङ्कटाभिमुखलाई आकर्षित गर्न र भ्रामक बनाउन सामाजिक मिडिया र मोबाइल प्रविधि बढ्दो रूपमा प्रयोग गरेको प्रतिवेदनले देखाएको छ । सन् २०१५ को भूकम्प र अहिलेको कोभिड-१९ को महामारीबाट प्रभावित धेरै नेपाली बेचबिखनको जोखिममा छन् । 'पीडितको आवाजले पथ प्रदर्शन गर्छ' भन्ने नारा रहेको दिवसका अवसरमा मानव बेचबिखनमा परेका व्यक्तिले कसरी मानव बेचबिखनबाट उम्किन सफल भए र कसरी उत्थानशीलता हासिल गरे भन्ने अनुभव सुनाइएको थियो । कार्यक्रममा यूएसएआईडी/नेपालकी कार्यवाहक मिसन निर्देशक एड्रियाना हेइजले भन्नुभयो, 'यस कार्यक्रमले स्थानीय सरकारले आफ्ना समुदायमा मानव बेचबिखन नियन्त्रणका लागि गरेका प्रयासलाई उजागर गर्ने मञ्चको रूपमा काम गरेको छ ।' ब्रिटिश दूतावास काठमाडौंका विकास निर्देशक नथेइनिअल बिभानले सङ्कटले महिला र युवतीहरुसहित सीमान्तकृत समुदायमा असमान असर पार्ने जनाउँदै कोभिड-१९ महामारीले त्यस्ता समूहलाई पहिलेभन्दा बढी जोखिममा पारेको बताउनुभयो ।

यूएसएआईडी र संयुक्त अधिराज्यले मानव बेचबिखनसम्बन्धी विशेष गरी वैदेशिक रोजगारी र मनोरञ्जन क्षेत्रका समस्यालाई सम्बोधन गर्न सहयोग पुऱ्याउन 'हाम्रो सम्मान' परियोजनालाई कोष उपलब्ध गराएका छन् । यस परियोजनाको उद्देश्य मानव बेचबिखन नियन्त्रण गर्ने नेपाल सरकारको प्रणालीलाई सुदृढ पार्नु र नेपालको सङ्घीय संरचनाअन्तर्गत मानव बेचबिखनकर्तालाई कारबाही गर्न कानूनी व्यवस्थालाई बलियो बनाउन सरकार, नागरिक समाज र निजी क्षेत्रबीच समन्वय गर्नुरहेको जनाइएको छ ।